(स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४
दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

बसवारिया गाउँपालिकाद्वारा प्रकाशित

# बसबरिया राजपत्र

खण्डः १ बर्षः ६ संख्याः ३१ मितिः २०७८।०३।१८

**भाग-१**

# बसवारिया गाउँपालिका

**भवानीपुर, सर्लाही**

**प्रदेश नं.२**

# बसबरिया गाउपालिकाको अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावना** :बसबरिया गाउँपालिकाको आर्थिक वर्ष २०७९।२०८० को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम बसबरिया गाउँसभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम आर्थिक ऐन, २०७९ रहेको छ।

(२) यो ऐन २०७९ साल साउन १ गतेदेखि बसबरिया गाउपालिका क्षेत्रमा लागु हुनेछ।

**२. भूमि कर (मालपोत) :** गाउपालिका क्षेत्रभित्र अनुसूची (१) बमोजिम भूमि कर (मालपोत) लगाइने र असुल उपर गरिनेछ।

**३. बहाल बिटौरी कर** : गाउपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थााले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूची (२) बमोजिम बहाल बिटौरी कर लगाइने र असूल गरिनेछ।

**४. व्यवसाय कर** : गाउपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा अनुसूची (३) बमोजिम व्यवसाय कर लगाइने र असूल  गरिनेछ।

**५. बहाल विटौरी शुल्क** : गाउपालिकाका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूची (४) मा उल्लेख भएअनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्थाअनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

**६. सेवा शुल्क, दस्तुर** : गाउपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेको अनुसूची (५) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असुल उपर गरिनेछ।

**७. जरिवाना** : बसबरिया गाउपालिका क्षेत्रभित्र फोहरमैला गर्ने तथा प्रचलित कानून विपरितका कार्य गर्नेलाई अनुसूची (६) बमोजिम जरिवाना गरिनेछ ।
**८. कर छुट** : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।
**९. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि** : यो ऐनमा भएको व्यवस्थाअनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउपालिकाले तोके अनुसार हुनेछ । साथै यी व्यवस्थाहरुलाई कार्यान्वयन गर्नका लागि गाउ कार्यपालिकाले आवश्यक नियम वा कार्यविधि बनाउन सक्नेछ ।
**१०. अन्य व्यवस्था** : बसबरिया गाउपालिकाका विषयगत शाखा, वडा तथा अन्य कार्यालयहरुबाट सेवा प्रवाह गर्दा सेवाग्राहीले बुझाउनुपर्ने कर, शुल्क, दस्तुर तथा जरिवानालाई सेवासँग आवद्ध गरी अनिवार्य असुल उपर गरी सेवा प्रवाह गर्नुपर्नेछ ।
**११. यसै ऐन बमोजिम भएको मानिने** : यो ऐन जारी हुनुअघि भए गरेका व्यवस्थाहरु यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।
**१२. प्रचलित नियम कानून बमोजिम हुने** : यस ऐनमा व्यवस्था भएकोमा बाहेकका हकमा नेपाल सरकारको प्रचलित नियम अनुसार हुनेछ ।

**अनुसूची (१)**
**दफा (२) सँग सम्बन्धित**
**भूमि कर (मालपोत) को दररेट**

| जग्गाको क्षेत्रफल | दर प्रति कठ्ठा रु. | जरिवाना |
|---|---|---|
| ०-१ कठ्ठा | ५।- | वार्षिक १० प्रतिशत |
| १ कठ्ठा देखि ३ बिघासम्म | ५।- | |
| ३ बिघाभन्दा माथि | १०।- | |

**अनुसूची (२)**

**दफा (३) सँग सम्बन्धित**
**बहाल बिटौरी करको दररेट**

बसबरिया गाउपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आंशिक तबरले बहालमा दिएकोमा बहाल अंकको १० प्रतिशतका दरले बहाल कर संकलन गरिनेछ । संगठित संघसंस्था, कम्पनी, कार्यालय वा यस्तै प्रकृतिका अन्यले बहालमा बसेबापत रकम बुझाउदा स्रोतमै अग्रिम बहाल कर कट्टी गरी दाखिला गर्नुपर्नेछ ।

**अनुसूची (३)**
**दफा (४) सँग सम्बन्धित**
**व्यवसाय करको दररेट**

| क.सं. | व्यवसायको किसिम | दर (वार्षिक रु) | कैफियत |
|---|---|---|---|
| १ | हार्डवेयर पसल | ५०००। | |
| २ | डिजे, टेन्ट हाउस | ५०००। | |
| ३ | लेथ मेसिन | २०००। | |
| ४ | चिरान मिल | २०००। | |
| ५ | पेट्रोल पम्प | २०००। | |
| ६ | सुनचाँदी पसल | ५००। | |
| ७ | औषधी पसल | १०००। | |
| ८ | राइस मिल | १०००। | |
| ९ | कपडा पसल | १०००। | |

| | | | |
|---|---|---|---|
| १० | ग्यास सिलिन्डर पसल | १०००। | |
| ११.१ | किराना पसल | १०००। | (कुल लागत रु ३०००००। भन्दा बढी भएकाको लागि) |
| ११.२ | किराना पसल | ५००। | (कुल लागत रु ३०००००। सम्मका लागि) |
| १२ | मोटरसाइकल मर्मत | ५००। | |
| १३ | फेन्सी तथा रेडिमेड पसल | ५००। | |
| १४ | फर्निचर पसल | ५००। | |
| १५ | होटल | ५००। | |
| १६ | यातायात टिकट काउन्टर | ५००। | |
| १७ | इलेक्ट्रोनिक तथा इलेक्टिक मर्मत पसल् | ५००। | |
| १८ | स्टेशनरी /पुस्तक पसल | ५००। | |
| १९ | पान पसल | २००। | |
| २० | सैलुन पसल | २००। | |

| | | | |
|---|---|---|---|
| २१ | गापाभिको उखु निकासी ट्रक( प्रतिट्रिप) | ० | |
| २२ | **गिट्टी, बालुवा तथा अन्य सामाग्री ओसारपोसार निकासी पटके (प्रतिट्रिप)** | | |
| | ट्रयाक्टर | २५। | |
| | ट्रक | १००। | |
| | टि्रपर | १५०। | |
| **२३** | **व्यापारिक प्रयोजनका लागि काठ, दाउरा ल्याउनका लागि सिफारिस(प्रति ट्रिप)** | | |
| | टायर | २५। | |
| | ट्रयाक्टर | १००। | |
| | ट्रक | ५००। | |

**अनुसूची (४)**
**दफा (५) सँग सम्बन्धित**
**बहाल बिटौरी शुल्कको दररेट**

यससम्बन्धि व्यवस्था बसबरिया गाउकार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

**अनुसूची (५)**
**दफा (६) सँग सम्बन्धित**
## सेवा शुल्क, दस्तुर

| क.सं. | विवरण | आ.व. ०७९।८० का | |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| | | लागि | |
| १ | घरजग्गा नामसारी सिफारिस | २५।० | |
| २ | मोही लगत कट्टा | ५०।० | |
| ३ | घर कायम सिफारिस | ५०।० | |
| ४ | छात्रवृत्ति सिफारिस | ० | (नेपाली र अंग्रेजी दुवै भाषाका लागि) |
| ५ | विपन्न विद्यार्थी छात्रवृत्ति सिफारिस | नलाग्ने | |
| ६ | मिलापत्र कागज गराउने | २००।० | |
| ७ | स्थायी बसोबास सिफारिस | २५।० | |
| ८ | नागरिकता सिफारिस | २५।० | |
| ९ | अंगिकृत नागरिकता सिफारिस | २५।० | |
| १० | आर्थिक अवस्था सिफारिस (बलियो) | १००।० | |
| ११ | आर्थिक अवस्था सिफारिस (कमजोर) | नलाग्ने | |
| १२ | विद्युत जडान सिफारिस | १००।० | |
| १३ | जन्म मिति संशोधन सिफारिस | ५०।० | |
| १४ | जग्गा मूल्यांकन सिफारिसरप्रमाणित | प्रति हजार रु ०.५ | |
| १५ | अदालत शुल्क मिनाहा सिफारिस | नलाग्ने | |
| १६ | नावालक सम्बन्धि सिफारिस | ५०।० | |
| १७ | उद्योग ठाउँसारी सिफारिस | ५००।० | |
| १८ | विद्यालय ठाउँसारी सिफारिस | ५००।० | |
| १९ | आन्तरिक बसाइँसराइ सिफारिस | २५।० | |
| २० | विद्यालय कक्षा वृद्धि सम्बन्धि | | |
| | (सामुदायिक विद्यालयको हकमा)आवेदन फारामबापत | ० | |
| | (संस्थागत विद्यालयको हकमा) आधारभूत विद्यालयको लागि | ५०००। | |
| | (संस्थागत विद्यालयको हकमा) माध्यमिक विद्यालयको लागि | ६०००। | |
| २१ | नयाँ विद्यालय खोल्ने सिफारिसरअनुमति | ( | |

| | | | |
|---|---|---|---|
| | आवेदन फारामबापत | १५०। | |
| | दर्ता | १५००। | |
| २२ | व्यक्तिगत विवरण सिफारिस | ५०।० | |
| २३ | विद्यालयको नाम परिवर्तन सिफारिस | ५००।० | |
| २४ | संरक्षक सिफारिस (व्यक्तिगत) | ५०।० | |
| २५ | संरक्षक सिफारिस (संस्थागत) | २००।० | |
| २६ | नाता प्रमाणित सिफारिस (नेपाली) | २५।० | |
| २७ | नाता प्रमाणित सिफारिस (अंग्रेजी) | २००।० | |
| २८ | निःशुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस | नलाग्ने | |
| २९ | संस्था दर्ता र नवीकरण सिफारिस ( नाफामूखी) | १०००।० | सिफारिस गर्दा जुन निकायलाई सिफारिस गरिएको हो सो निकायमा दर्ता भएको जानकारी गराउन अनुरोध गर्ने |
| | संस्था दर्ता र नवीकरण सिफारिस (गैर नाफामूखी) | ५००।० | |
| ३० | घर बाटो प्रमाणित | २५।० | |
| ३१ | चार किल्ला प्रमाणित ५ धुर सम्म | ० | |
| | चार किल्ला प्रमाणित ५ धुर भन्दा माथि प्रति धुर थप | ५०।० | |
| ३२ | जन्म मिति प्रमाणित | २५।० | |
| ३३ | विवाह प्रमाणित | ५०।० | |
| ३४ | फरक, फरक नाम, थर सिफारिसरप्रमाणित | ५०।० | |
| ३५ | फरक फरक जन्म मिति | ५०।० | |

| | | | |
|---|---|---|---|
| | सिफारिसरप्रमाणित | | |
| ३६ | नाम थर संसोधन प्रमाणित | ५०।० | |
| ३७ | अविवाहित प्रमाणित | ५०।० | |
| ३८ | संरक्षक प्रमाणित | ५०।० | |
| ३९ | हकदार प्रमाणित | १००।० | |
| ४० | अन्य प्रमाणितरसिफारिस | ५०।० | |
| ४१ | जग्गा धनि पुर्जा हराएको सिफारिस | १००।० | |
| ४२ | पुर्जामा घर कायम गर्ने सिफारिस | १००।० | |
| ४३ | अंग्रेजी सिफारिस तथा प्रमाणित | २००।० | |
| ४४ | नाता प्रमाणित दस्तुर | ८०।० | |
| ४५ | परिचयपत्रको विलम्ब दस्तुर | २००।० | |
| | परिचयपत्रको प्रतिलिपि दस्तुर | ५००।० | |
| | व्यक्तिगत घटना दर्ताको बिलम्ब शुल्क(नेपालमा) | २००।० | पहिलो ३५ दिनसम्म निशुल्क, त्यसपछि शुल्क लाग्ने |
| | व्यक्तिगत घटना दर्ताको बिलम्ब शुल्क(नेपाली नियोगमा) | २५ अमेरिकी डलर वा सो बराबरको स्थानीय मुद्रा | |
| | व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको नक्कल दस्तुर(नेपालमा) | ५००।० | |
| | व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको | ३० | |

| | | | |
|---|---|---|---|
| | नक्कल दस्तुर(नेपाली नियोगमा) | अमेरिकी डलर वा सो बराबरको स्थानीय मुद्रा | |
| | व्यक्तिगत घटना तथा नागरिक अभिलेख दर्ता किताब हेरेको दस्तुर(नेपालमा) | २००।० | |
| | व्यक्तिगत घटना तथा नागरिक अभिलेख दर्ता किताब हेरेको दस्तुर(नेपाली नियोगमा) | २५ अमेरिकी डलर वा सो बराबरको स्थानीय मुद्रा | |
| | परिचयपत्र वा बेक्तिगत बिबरणको प्रमाणीकरणको सेवा बापत प्रति व्यक्ति प्रति पटकको दस्तुर | ५।० | |
| | जैविक विवरण वा परिचयपत्रको प्रमाणीकरणको सेवा बापत प्रति व्यक्ति प्रति पटकको दस्तुर | १०।० | |
| | परिचय नम्बर, व्यक्तिगत विवरण, जैविक विवरण वा परिचयपत्रको प्रमाणीकरण भइ सम्वन्धित | २०।० | |

| | | | |
|---|---|---|---|
| | व्यक्तिको अन्य व्यक्तिगत विवरण प्रदान गरे बापत प्रति व्यक्ति प्रति पटकको दस्तुर | | |
| | गैर आबासीय नेपालीलाई जारी गरिने परिचयपत्र दस्तुर | २५० अमेरिकी डलर | |
| | अन्य विदेशीलाई जारी गरिने परिचयपत्र दस्तुर | ३०० अमेरिकी डलर | |
| | बिदेशीको परिचयपत्र नबिकरण दस्तुर | २५ अमेरिकी डलर | |
| ४६ | प्रमाणिकरण(verification) | ५०।० | |
| ४७ | पशुपंक्षी नाम दर्ता दस्तुर | ० | |
| | पंक्षी प्रति गोटा | ५। | |
| | भेडारबाखा प्रति गोटा | १०। | |
| | गाई, भैँसी | २५। | |
| | घोडा | ५०। | |
| ४८ | कृत्रिम गर्भाधान(गाई भैसी) | २५। | |
| ४९ | शव परीक्षण दस्तुर | ० | |
| | पंक्षी प्रतिगोटा | १०। | |
| | भेडा, बाखा, बंगुर | २५। | |
| | गाई, भैँसी | २५। | |
| | कुकुर | १००। | |
| | घोडा, वन्यजन्तु | २००। | |
| ५० | गर्भ परीक्षण दस्तुर | ५०। | |
| ५१ | प्रयोगशाला परीक्षण दस्तुर (गोवर) | २०। | |

| | | | |
|---|---|---|---|
| ५२ | व्यवसायिक फर्म दर्ता तथा नवीकरण | ० | |
| | (गाई, भैसी, कुखुरा लगायत पशुपंक्षी फर्म दर्ता | ३०००। | |
| | (गाई, भैसी, कुखुरा लगायत पशुपंक्षी फर्म नवीकरण | ३००। | |
| ५३ | कृषि,पशु समूह, समिति, सहकारी संस्था दर्ता | २०००। | |
| | कृषि, पशु समूह, समिति नवीकरण | २००। | |
| ५४ | औषधी, दाना पसल दर्ता | ३०००। | |
| | औषधी, दाना पसल नवीकरण | ३००। | |
| ५५ | उद्योग, डेरी दर्ता | २५००। | |
| | उद्योग, डेरी नवीकरण | ३००। | |
| ५६ | मासु पसल दर्ता | २५००। | |
| | मासु पसल नवीकरण | ३००। | |

**अनुसूची (६)**
**दफा (७) सँग सम्बन्धित**
**जरिवाना सम्बन्धि**

यस गाउपालिकाको सरहदभित्र यदि कसैले खुला रुपमा शौच गरेको पाइएमा, साथै विद्यालयमा धुम्रपान, मद्यपान गरी प्रवेश गरेको पाइएमा रु १००१।० जरिवाना गरिनेछ । अन्य कुराहरुको हकमा गाउँकार्यपालिकाको निर्णय अनुसार हुनेछ ।

आज्ञाले,

नाम राम प्रकाश राय

नि. प्रमुख प्रशासकीय अधिकृत